नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
( ........................... शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र नम्बर :- ८१/८२
चलनी नम्बर :- **कम्पनी प्र./८६४३३**

मिति : २०८२-०३-२५
( ने.स. ११४५ )

**विषय :- पूंजी वृद्धि/पूंजी संरचना परिवर्तन सम्बन्धमा ।**

**श्री एन आई सी एशिया बैक लिमिटेड, (दर्ता नम्बर : ६५८),**

काठमाण्डौं महानगरपालिका-११, काठमाडौं, (प्यान नम्बर : ३००७५६०९०),

तहाँ कम्पनीवाट तपसिल बमोजिमको पूँजी परिवर्तन गर्ने गरी प्रबन्धपत्र/नियमावलीमा संशोधन गरेकोलाई सम्वन्धित निकायको स्वीकृत लिनु पर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरिएको साथै संशोधित प्रबन्धपत्र/ नियमावलीलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०८२-०३-२५ को निर्णयानुसार जानकारी गराइन्छ ।

**पूँजी परिवर्तन विवरणः**

अधिकृत पूँजीः १४९२००००००००.०० बाट १९९२००००००००.००

जारी पूँजीः १४९१७५६६९२२.०० बाट १९९१७५६६९२२.००

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति**
नामथर : भीम प्रसाद पराजुली
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०३-२५
कम्पनी रजिष्ट्रारको कार्यालय

**बोधार्थ :**
श्री आन्तरिक राजस्व कार्यालय, काठमाडौं

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : https://camis.ocr.gov.np/

## एन आई सी एशिया बैंक लि. को
## प्रबन्धपत्रमा संशोधन

**५. बैंकको पूँजीको संरचना**

१.बैंकको अधिकृत पुंजी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड़ रुपैयाँ) हुनेछ । उक्त पुँजीलाई रु. १००/- का दरको १४,९२,००,००० (अक्षरेपी चौध करोड बयानब्बे लाख) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिने छ ।

२.बैंकको जारी पुंजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुंजीलाई रु. १००/- को दरका १४,९१,७५,६६९ (चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

३.बैंकको चुक्ता पुंजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार, नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १००/- को दरका १४,९१,७५,६६९ (चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

४) बैंकको जारी पूँजी निम्नानुसार हुनेछ :–

(१) साधारण शेयर (मताधिकार प्राप्त) तथा सो को स्वामित्वको अनुपात निम्नानुसार हुनेछ :

क) समूह "क" का संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत ।

ख) समूह "ख" का सार्वजनिक रुपमा बिक्री गरिने शेयरधनीहरुको ४९ प्रतिशत । यस समूहका लागि छुट्याईएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

(२) अग्राधिकार शेयर :

अग्राधिकार शेयरधनीहरुको मत दिने अधिकार हुने छैन ।

**६. बैंकको शेयरको किसिम:**

यस बैंकको शेयरको किसिम देहाय बमोजिम हुनेछ :

क) बैंकका शेयरहरु साधारण तथा अग्राधिकार शेयरहरु रहनेछन् । बैंकको पूँजीको आवश्यकता तथा सो को पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (रिडिमेवल) अग्राधिकार शेयर, फिर्ता नहुने (ईरिडिमेवल) अग्राधिकार शेयर, कन्भर्टीबल अग्राधिकार शेयर, नन् कन्भर्टीबल अग्राधिकार शेयर, सञ्चिति (क्युमिलेटिभ) अग्राधिकार शेयर, असञ्चिति (नन्

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU



नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

सहायक रजिष्ट्रार

क्युमिलेटिभ) अग्राधिकार शेयर, अविमोच्य सञ्चिति (पर्पेचुएल क्युमिलेटिभ) अग्राधिकार शेयर, अविमोच्य असञ्चिति (पर्पेचुएल नन् क्युमिलेटिभ) अग्राधिकार शेयर तथा अन्य प्रकारका शेयरहरु बैंकले जारी गर्न सक्नेछ ।

ग) बैंकले भविष्यमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कन्भर्टीवल ऋणपत्रहरु (Convertible Debenture), नन् कन्भर्टीवल ऋणपत्रहरु (Non-Convertible Debenture), फिर्ता हुने (रिडिमेवल) ऋणपत्रहरु, फिर्ता नहुने (ईरिडिमेवल) ऋणपत्रहरु, सञ्चिति (क्युमिलेटिभ) ऋणपत्रहरु, असञ्चिति (नन् क्युमिलेटिभ) ऋणपत्रहरु, अविमोच्य सञ्चिति (पर्पेचुएल क्युमिलेटिभ) ऋणपत्रहरु, अविमोच्य असञ्चिति (पर्पेचुएल नन् क्युमिलेटिभ) ऋणपत्रहरु जारी गर्न सक्नेछ ।

७. **शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज : शेयर खरिद वा हस्तान्तण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**

ङ) सार्वजनिक रुपमा बिक्री गरिने शेयर कुनै एक व्यक्तिले कम्तिमा १० (दश) थान र बढीमा बैंकको जारी पुँजीको दुई प्रतिशतसम्म खरीद गर्न सक्नेछ । त्यसरी शेयर खरीद गरेपछि बिक्री, अंशबण्डा, अपुताली, दामासाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा विभाजन गर्दा सो न्युनतम वा अधिकतम संख्या भन्दा कम वा बढी कायम हुने गरी नामसारी दाखिल, खारेज गरिने छैन । तर, अग्राधिकार शेयरको हकमा उल्लेखित अधिकत्तम सीमा लागु हुने छैन ।

तर, कुनै कार्यकारण परी कुनै व्यक्ति वा संस्थाले बैंकको जारी पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर खरीद गर्न चाहेको खण्डमा संचालक समितिको पूर्वस्वीकृति लिई राष्ट्र बैंकको नीति निर्देशनको अधीनमा रही खरीद गर्न सक्नेछन् । हकप्रद शेयर र वोनस शेयरको हकमा भने यो प्रतिबन्ध लागु हुने छैन ।

NIC ASIA BANK LTD.

सहायक रजिष्ट्रार

**एन आई सी एशिया बैंक लि. को**
**नियमावलीमा संशोधन**

२क. परिभाषा

कध) "अग्राधिकार शेयरधनी" भन्नाले सार्वजनिक रुपमा बिक्री भएको अग्राधिकार शेयर खरिद गर्ने शेयरधनीहरु सम्झनु पर्दछ ।

१५. मतदान गर्ने अधिकार :

१. प्रचलित कम्पनी सम्बन्धी कानून र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई आफुले लिएको प्रत्येक शेयर बापत एउटा मत दिन अधिकार हुनेछ । अग्राधिकार शेयरधनीहरुको मत दिने अधिकार हुने छैन ।

NIC ASIA BANK LTD.

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

03193

सहायक रजिष्ट्रार